६४ औं बैठक

आज मिति २०७६ साल असार ९ गते साँझ ५ : १५ बजे यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम वहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुभन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर वहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम वहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री कमलप्रसाद पौडेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान बहादुर ठाडा, लेखाअधिकृत
श्री शिशिर कुमार खड्का, योजना तथा अनुगमन अधिकृत
श्री कुल बहादुर खड्का, ना.सु.
श्री कृष्टि थापा, क.अ.
श्री छविलाल सुनार, स.ले.पा.
श्री वीर वहादुर चुनारा, सरसफाईकर्मी

Scanned by CamScanner

**प्रस्ताव नं. १ : नीति तथा कार्यक्रम सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकाको आ.व. २०७६।०७७ को लागि वजेट तथा कार्यक्रम तर्जुमा समितिद्धारा कार्यपालिकामा पेश हुन आएको नीति तथा कार्यक्रम माथी छलफल भई २०७६।०३।१० गते बिहान ७ बजेको बैठकमा पुनः छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : प्रतिवद्धता सम्बन्धमा ।**

निर्णय नं. २ : प्रस्तुत विषयमा यस नगरपालिकाको उच्च प्राथमिकतामा रहेको वडा नं. १२ को बसपार्कको सम्बन्धमा जिल्ला वन कार्यालय सुर्खेतको च.नं. २३४३, मिति २०७६।०२।१७ गतेको स्थलगत जाँचबुझ गरी राय सहितको विवरण पेश गर्ने बारेको छिन्चु बसपार्कको सम्बन्धमा प्राप्त पत्र बमोजिम आवश्यक वन क्षेत्र प्रयोग गर्नका लागि डि.पि.आर.मा उल्लेखीत जग्गा प्रयोग गर्न जग्गा सोध भर्ना र रुख रोप्ने प्रतिवद्धता आवश्यक पर्ने भन्ने पत्र अनुसार यस न.पा. को वडा नं. १२ मा निर्माण हुन गईरहेको बसपार्क निर्माण गर्दा ४३ रोपनी सरकारी जग्गा प्रयोग गर्नुपर्नेभएकोले उक्त जग्गा यस भेरीगंगा नगरपालिकाबाट जग्गा सोधभर्ना गर्ने र उक्त जग्गा भित्र नियमानुसार वृक्षारोपण गर्ने प्रतिवद्धता जनाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : रकमान्तर सम्बन्धमा ।**

निर्णय नं. ३ : हर्रेमनिराम काँडा सडक आयोजनाबाट २२.५ प्रतिशत रकम रकमान्तर गरि १४ प्रतिशत रकम रंगशाला निर्माण आयोजनामा थप गर्ने तथा ८.५ प्रतिशत रकम नगरपालिका सभाहल आयोजनामा थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : बर्थीङ्ग सेन्टरमा खाजा खर्च दिने सम्बन्धमा ।**

निर्णय नं. ४ : यस नगरपालिका अन्तर्गत बर्थीङ्ग सेन्टरमा रात्रीकालिन ड्यूटी गर्ने कर्मचारीहरुलाई विगतमा दिईदै आएको प्रतिरात को रु १५० रुपैयाँ का दरले ४ वटा बर्थीङ्ग सेन्टर का ८ जना नर्सिङ्ग स्टाफहरुलाई २०७५ श्रावण १ गते देखि नै लागू हुने गरि जम्मा रु २ लाख १९ हजार खाजा खर्च प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : सिफारिस गर्ने सम्बन्धमा ।**

निर्णय नं. ५ : अंश बण्डाको सम्बन्धमा अंशीयारहरुको हकमा सहमति भएअनुसार नापी कार्यालयलाई सिफारिस दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : उपभोक्ता समितिलाई भुक्तानी दिने सम्बन्धमा ।**

निर्णय नं. ६ : आ.व.२०७४।०७५ मा सञ्चालीत च्युरी खोला कल्भर्ट आयोजना निर्माण गर्ने उपभोक्ता समिति लाई सोही आ.व.मा भुक्तानी दिन बाँकी रहेको रकम प्राविधिकको प्रतिवेदनको आधारमा बढीमा २ लाख आन्तरीक श्रोतबाट भुक्तानी दिने निर्णय गरियो ।

Scanned by CamScanner